nepalpostdaily .com

# नेपाल पोष्ट डेली

दैनिक

19°C । वर्ष :११, अंक : १३९ पृष्ठ ४ । बिहीबार ०८ माघ २०८२ । THURSDAY, JANUARY 22, 2026 .nepalpostdaily .com । मुल्य ५ रुपैंया

## मधेससभा सदस्य छाडेर ४ जनाले दिए प्रतिनिधिसभामा उम्मेदवारी




**नेपाल पोष्ट संवदाता**
**बीरगन्ज,०७ माघ ।**

मधेस प्रदेशसभा सदस्य पदबाट राजीनामा दिएर चार जना नेताले प्रतिनिधिसभा सदस्य निर्वाचनमा उम्मेदवारी दर्ता गराएका छन् । मंगलबार उम्मेदवारी दिनेमा रामचन्द्र मण्डल, सतिश कुमार सिंह, भरत साह र रहबर अन्सारी रहेका छन् । रामचन्द्र मण्डल नेकपा (एमाले)बाट धनुषा क्षेत्र नम्बर-१, पूर्व मुख्यमन्त्री सतिश कुमार सिंह स्वाभिमान पार्टीबाट सप्तरी क्षेत्र नम्बर-२, भरत साह महोत्तरी क्षेत्र नम्बर-४ बाट नेकपाबाट र रहबर अन्सारी राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)बाट बारा क्षेत्र नम्बर-४ मा उम्मेदवार बनेका हुन् । प्रदेशसभा सदस्य पदबाट राजीनामा दिएर संघीय संसदमा उम्मेदवारी दिएका मण्डल यसअघि धनुषा-१ (ख), सिंह सप्तरी-२ (क), साह महोत्तरी-१ (क) र अन्सारी पर्सा-१ (क) बाट निर्वाचित भएका थिए । यसैबीच, एकल सिफारिसमा परेका एमालेका सांसद सरोज यादव र प्रमोद जयसवाल तथा कांग्रेसका विरेन्द्र सिंह अन्तिम समयमा आएर उम्मेदवारीबाट पछि हटेका छन् । उनीहरूको स्थानमा क्रमशः निलम अधिकारी, कृष्णकुमार श्रेष्ठ (किसान) र कांग्रेस सभापति गगन थापा उम्मेदवार बनेका छन् । रामचन्द्र मण्डल केही समयअघि आफ्नै आचरणप्रति आपत्ति जनाउँदै मधेस प्रदेशसभाका बहुमत सांसदबाट पदमुक्त भएका थिए । शिक्षक पेसाबाट राजनीतिमा आएका मण्डल माओवादी हुँदै एमाले प्रवेश गरेपछि केपी शर्मा ओली निकट नेताका रूपमा परिचित छन् । सभामुख रहँदा तत्कालीन मुख्यमन्त्री जितेन्द्र सोनललाई विश्वासको मत लिनुअघि नै राजीनामा दिन बाध्य बनाएको आरोप उनीमाथि लागेको थियो । सो विवादपछि पद गुमाएका मण्डल अहिले प्रतिनिधिसभा निर्वाचनमा पुनः सक्रिय देखिएका छन् । पूर्व मुख्यमन्त्री सतिश कुमार सिंह पदमा रहँदा आफ्नै दल जनमत पार्टीभित्र चर्को विवादमा परेका थिए । कार्यशैलीका कारण आलोचना खेपेका सिंहले विश्वासको मत नपाएपछि संसदबाटै राजीनामा दिएका थिए । पछि पार्टी परित्याग गर्दै नयाँ दलबाट उम्मेदवारी दर्ता गराएका उनी एमालेको सूर्य चिन्ह प्रयोग गरेर निर्वाचनमा उत्रिएका छन् । पूर्व गृह तथा सञ्चार मन्त्री भरत साह नेकपा मधेस प्रदेश संसदीय दलका नेता समेत थिए । कार्यकालमा मनपरी गरेको आरोप र पार्टी ह्विप उल्लंघनका कारण उनी विवादमा तानिएपछि मन्त्री पदबाट हट्न बाध्य भएका थिए । पूर्व राज्यमन्त्री रहबर अन्सारी भने कार्यकालमा ठूला विवादमा नपरे पनि प्रदेशसभा सांसदहरूको आचरणप्रति असन्तुष्टि जनाउँदै संसदमा मुखमा कालो पोतेर विरोध जनाएका थिए । तत्कालीन मुख्यमन्त्री जितेन्द्र सोनल नेतृत्वको सरकार ढाल्न उनको भूमिका रहेको मानिन्छ । पार्टी परिवर्तन गरेका अन्सारी रास्वपाबाट प्रतिनिधिसभा निर्वाचनमा उम्मेदवार बनेका छन् र उनी आफ्नो क्षेत्रमा लोकप्रिय युवा नेताका रूपमा चिनिन्छन् ।

## मधेसमा ८ दलका अध्यक्ष चुनावी मैदानमा




**नेपाल पोष्ट संवदाता**
**बीरगन्ज,०७ माघ ।**

मधेस प्रदेशमा आगामी प्रतिनिधिसभा निर्वाचनलाई लिएर राजनीतिक प्रतिस्पर्धा असाधारण रूपमा चर्किएको छ । यसपटक मधेसका विभिन्न निर्वाचन क्षेत्रमा ८ वटा राष्ट्रिय तथा क्षेत्रीय दलका अध्यक्षहरू नै चुनावी मैदानमा उत्रिनु ले चुनावलाई सत्ता-संघर्षको केन्द्र बनाएको छ । नेपाली कांग्रेसका सभापति गगन थापा सर्लाही-४ बाट उम्मेदवार बनेपछि उक्त क्षेत्र राष्ट्रिय राजनीतिको ध्यान केन्द्र बनेको छ । उनको प्रतिस्पर्धामा एमाले र रास्वपाका उम्मेदवार रहेकाले यो क्षेत्र तीनध्रुवीय प्रतिस्पर्धामा देखिन्छ । त्यसैगरी, जसपा अध्यक्ष उपेन्द्र यादव, जनमत अध्यक्ष सीके राउत, आम जनता पार्टी अध्यक्ष प्रभु साह, राष्ट्रिय मुक्ति पार्टी अध्यक्ष राजेन्द्र महतो, संघीय समाजवादी पार्टी अध्यक्ष रिजवान अन्सारी, राष्ट्रिय निर्माण दल अध्यक्ष समिम मियाँ अन्सारी र समुन्नत नेपाल पार्टी अध्यक्ष पूर्व-आईजीपी सर्वेन्द्र खनाल समेत मैदानमा उत्रिएका छन् । **शक्ति परीक्षणको थलो मधेस** मधेसमा ३२ प्रतिनिधिसभा सिट रहेको र विगत दुई निर्वाचनमा परिणाम निकै फरक-फरक देखिएकाले यसपटक दलहरू अध्यक्षस्तरका नेताहरू अघि सारेर शक्ति परीक्षणमा उत्रिएको विश्लेषकहरूको भनाइ छ । विशेषतः जसपा, जनमत र लोसपा जस्ता मधेस केन्द्रित दलहरूको प्रभाव घट्दो क्रममा छ कि छैन भन्ने प्रश्नको उत्तर यस निर्वाचनले दिनेछ । **रास्वपाको परीक्षा** अघिल्ला दुई निर्वाचनमा मधेसबाट एक सिट पनि नजितेको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) यसपटक भने मधेसमा आक्रामक देखिएको छ । अमरेश सिंह, मनिष झा, किसोरी साहजस्ता उम्मेदवारमार्फत रास्वपाले मधेसमा वैकल्पिक राजनीतिको सन्देश दिन खोजेको छ । **परिवारवादले बढायो असन्तुष्टि** चुनावसँगै मधेसमा दलभित्रको आन्तरिक विवाद पनि सतहमा आएको छ । जसपा नेपालका संरक्षक महन्थ ठाकुरले छोरी र सम्धीलाई टिकट दिएको विषयले पार्टीभित्रै असन्तोष चर्किएको छ । यसले मधेस राजनीतिमा परिवारवाद र गुटबन्दी अझै बलियो रहेको सन्देश दिएको छ । **रोचक भिडन्त र मतदाताको भूमिका** धनुषा-३, सप्तरी-२, सर्लाही-४, बारा-४ जस्ता क्षेत्रलाई यसपटकका हाई-प्रोफाइल निर्वाचन क्षेत्र मानिएको छ, जहाँ स्थापित नेता र नयाँ शक्तिबीच कडा प्रतिस्पर्धा देखिन्छ । करिब २९ लाखभन्दा बढी मतदाता रहेको मधेसमा युवा, वैदेशिक रोजगारमा आश्रित परिवार र कृषक मतदाताको भूमिकाले निर्णायक असर पार्ने अनुमान गरिएको छ । समग्रमा, मधेसको यो निर्वाचन केवल सिट संख्याको लडाइँ मात्र नभई पुराना मधेसवादी दल, राष्ट्रिय दल र नयाँ वैकल्पिक शक्तिबीचको राजनीतिक दिशानिर्देशनको चुनाव का रूपमा हेरिएको छ ।

## बारा-३ मा हेवीवेट नेताहरूलाई चुनौती दिँदै रास्वपाबाट अरविन्द साह चुनावी मैदानमा



**नेपाल पोष्ट संवदाता**
**बीरगन्ज,०७ माघ ।**

बारा निर्वाचन क्षेत्र नम्बर ३ मा प्रतिनिधिसभा सदस्यका लागि राजनीतिक प्रतिस्पर्धा चर्किँदै गएको छ । स्थापित र 'हेवीवेट' नेताहरूको चुनौतीका रूपमा युवा उद्यमी तथा खल्तीका सह-संस्थापक अरविन्द साह राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)बाट उम्मेदवार बनेका छन् । मनोनयन दर्तासँगै साहले परम्परागत दल र नेतृत्वको विकल्पका रूपमा आफूलाई प्रस्तुत गर्दै परिणाममुखी राजनीति, सुशासन र प्रविधिमैत्री विकासलाई मुख्य एजेन्डा बनाएका छन् । ग्रामीण पृष्ठभूमिबाट आएको अनुभव उल्लेख गर्दै उनले रोजगारी सिर्जना, कृषि आधुनिकीकरण र सेवा प्रवाहमा डिजिटल रूपान्तरणलाई संसदमा प्राथमिकताका साथ उठाउने बताएका छन् । बारा-३ मा साहको मुख्य प्रतिस्पर्धा नेकपा (एमाले)की पूर्वमन्त्री ज्वाला साह र नेपाली कांग्रेसका महामन्त्री फरमुल्लाह मन्सुरसँग हुनेछ । दुवै दलका शीर्ष नेतृत्वसँग नजिक रहेका यी उम्मेदवार क्षेत्रका प्रभावशाली नेताका रूपमा परिचित छन् । स्थापित राजनीतिक शक्तिहरूको वर्चस्व रहेको क्षेत्रमा निजी क्षेत्रबाट आएको नयाँ अनुहारका रूपमा साहको उम्मेदवारीलाई वैकल्पिक राजनीतितर्फको संकेतका रूपमा हेरिएको छ । नयाँ सोच र प्रविधिमैत्री दृष्टिकोणले मतदाताको विश्वास जित्न सक्ने वा नजित्ने विषय अबको चुनावी परिणामले निर्धारण गर्नेछ ।

## गौतम समाज कल्याण संस्थाद्वारा पर्सामा २० थान डबल बेड सहयोग




**नेपाल पोष्ट संवदाता**
**बीरगन्ज,०७ माघ ।**

गौतम समाज कल्याण संस्था र गौतम सेकेन्ड्री स्कूल, श्रीपुर, वीरगन्ज-१३ को पहलमा सामाजिक उत्तरदायित्व अन्तर्गत २० थान डबल बेड स्थानीय संस्थाहरूमा हस्तान्तरण गरिएको छ । संस्थाका अध्यक्ष गनेश क्षेत्रीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा उपाध्यक्ष ललित कर्ण, सचिव रमेश शर्मा, सदस्य सिपेन्द्र गुप्ता लगायतका पदाधिकारीहरू उपस्थित थिए । हस्तान्तरण कार्यक्रमअन्तर्गत यतीमखाना दारूल यतामा छपकैया-२, वीरगन्ज महानगरपालिकामा १५ थान डबल बेड प्रदान गरिएको छ भने बिर्ता स्थित त्रीजुद्द स्कुलमा आवासीय रूपमा सञ्चालित दृष्टिविहीन बालबालिकाहरूको लागि ५ थान डबल बेड हस्तान्तरण गरिएको छ । कार्यक्रममा बोल्दै सचिव रमेश शर्माले सामाजिक

बाँकी तेश्रो पृष्ठमा⇨

## पर्सामा प्रतिनिधिसभा निर्वाचन: चार क्षेत्रमा १०९ उम्मेदवारको मनोनयन, प्रतिस्पर्धा रोचक



**नेपाल पोष्ट संवदाता**
**बीरगन्ज,०७ माघ ।**

आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि पर्सा जिल्लाका चारवटै निर्वाचन क्षेत्रमा उत्साहपूर्ण रूपमा उम्मेदवारी दर्ता सम्पन्न भएको छ । जिल्ला निर्वाचन कार्यालयका अनुसार चार सिटका लागि कुल १०९ जनाले मनोनयन दर्ता गराएका छन् । मुख्य निर्वाचन कार्यालय पर्साका प्रवक्ता यादवप्रसाद जोशीका अनुसार निर्वाचन क्षेत्र नम्बर-१ मा ३०, क्षेत्र नम्बर-२ मा ३२, क्षेत्र

बाँकी अन्तिम पृष्ठमा⇨

निर्वाचनमा सहभागी बनौं।

❖आवधिक निर्वाचन लोकतन्त्रको आधारशिला हो।
❖निर्वाचन मतदाताको मताधिकार प्रयोग गर्ने अवसर पनि हो।
❖मतदानबाट नागरिकले आफ्ना प्रतिनिधिमार्फत शासन सञ्चालनमा सहभागिता जनाउने।
❖स्वतन्त्र र निष्पक्ष निर्वाचनबाट सरकार वा सत्ताको शान्तिपुर्ण हस्तान्तरण हुने।
❖निर्वाचनबाट मौलिक हक र मानवअधिकारको संरक्षण हुने।
❖मतदाताको राजनीतिक छनौटको अधिकार सुनिश्चित हुने।
❖लोकतन्त्रको संस्थागत विकास र विधिको शासन स्थापित हुने।
❖जनताप्रति उत्तरदायी र जवाफदेही सरकारको निर्माण हुने हुँदा, निर्वाचनमा सहभागी बनौं, मताधिकारको प्रयोग गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## नेपाल पोष्ट डेलीका लागि

| | |
|---|---|
| प्रकाशक | :- नेपाल पोष्ट मिडिया प्रा.लि. |
| सम्पादक | :- मनोज पटेल |
| कार्यकारी सम्पादक | :- संतोष साह |
| सह-सम्पादक | :- सरोज पटेल |
| सम्पर्क कार्यालय | :- वीरगञ्ज महानगरपालिका पर्सा,नेपाल |
| मुद्रक | :- कोमल प्रिन्टिङ् प्रेस,वीरगंज-१२,पर्सा |

Email: nepalpostdaily@gmail .com
Facebook: www .facebook .com/nepalpostdaily
सम्पर्क नम्बर :- ९८४५३१८६६९,०५१-५२००४०


# सम्पादकीय

## निर्वाचनको महत्वपूर्ण चरण

निर्धारित समयमा निर्वाचन हुन्न कि भन्ने आशङ्का मेटाउँदै मुलुक निर्वाचनको महत्वपूर्ण चरणमा प्रवेश गरेको छ । प्रतिनिधि सभा सदस्य निर्वाचन अन्तर्गत मङ्गलबार प्रत्यक्षतर्फ देशभर एकै पटक १६५ निर्वाचन क्षेत्रमा उत्साह र उमङ्गका साथ मनोनयन दर्ता सम्पन्न भएको छ । निर्वाचन आयोगले आसन्न प्रतिनिधि सभा सदस्य निर्वाचनका लागि तोकिएको मितिमा मनोनयनमा सहभागी हुन गरेको अपिलबमोजिम मनोनयन दर्ता सम्पन्न भएको हो । आयोगले बनाएको निर्वाचन कार्यतालिका अनुसार निर्वाचन प्रक्रिया अगाडि बढेको छ । कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले निर्वाचन स्वच्छ, स्वतन्त्र, निष्पक्ष, भयमुक्त वातावरणमा हुनेमा कुनै शङ्का उपशङ्का नगर्न पनि आग्रह गर्नुभएको छ । हाम्रो मिश्रित प्रकृतिको निर्वाचन प्रणाली भएकाले यसअघि नै समानुपातिकतर्फको बन्दसूची निर्वाचन आयोगमा पेस गर्ने काम सम्पन्न भइसकेको छ । कुल २७५ सदस्यीय प्रतिनिधि सभामा समानुपातिकतर्फबाट ११० जना र प्रत्यक्ष निर्वाचनबाट १६५ जना निर्वाचित हुने व्यवस्था छ । आमनिर्वाचन नै मुलुक हाँक्ने सक्षम नेतृत्व चयन गर्ने प्रमुख माध्यम हो । लोकतन्त्रमा निर्वाचन निर्विकल्प छ । आममतदाताले चुनेका प्रतिनिधि संसद् र सरकारमा पुग्ने व्यवस्था नै लोकतन्त्रको सुन्दर पक्ष हो । आममतदाताबाट निर्वाचित भएका जनप्रतिनिधिले संसद् र सरकार चलाउने लोकतन्त्र जस्तो उत्तम व्यवस्था अर्को छैन । त्यसैले आमनिर्वाचन जनता र राष्ट्र दुवैको उत्सव हो । लोकतन्त्रको सुन्दर पक्ष भनेकै चुन्ने र चुनिने अधिकार हो । त्यहाँ मतदाताको स्वतन्त्र इच्छा पनि जाहेर हुन्छ । नागरिकको इच्छालाई कसैले पनि निषेध गर्न सक्दैन । यसमा सबैको भूमिका उत्तिकै महत्वपूर्ण रहन्छ । सबै सरोकारवालाले निर्वाचनलाई निष्ठापूर्वक सम्पन्न गर्ने यस प्रयोजनलाई सहयोग गर्नु पर्छ । उम्मेदवारी कायम गर्न कानुन र आचारसंहिताले निषेध गरेका गतिविधि गर्नु हुँदैन । संविधानले ग्यारेन्टी गरेको मताधिकारको सही प्रयोगले मात्रै मुलुक र मुलुकवासीको भाग्य र भविष्य निर्धारण गर्छ । निर्वाचनको अर्को वैकल्पिक व्यवस्था नभएको हुनाले निर्वाचनमा सबै क्षेत्रको सहयोग र समर्थन महवपूर्ण हुन्छ । आउँदो फागुन २१ गते निर्वाचन घोषणा भएसँगै आयोगले तत्कालदेखि कार्यतालिका बनाई निर्वाचनको कामलाई अगाडि बढाएको छ । सबै कार्यक्रम चार महिनाअघि प्रकाशित भएको कार्यतालिका अनुसार कार्यसम्पादन भएका छन् । अब कुनै पनि विषयवस्तुलाई संशोधन गर्ने थप्ने घटाउनेलगायत काम नहुनेमा आयोग स्पष्ट छ । नेपाली कांग्रेसको महाधिवेशन विवादको विषयले पनि निर्वाचन कार्यतालिका फेरबदल भएन । विशेष गृहकार्य गरेर १६५ स्थानमै कांग्रेसले पनि उम्मेदवारी दिएको छ । राजनीतिक दल नै लोकतन्त्रका प्रमुख औजार हुन् । लोकतान्त्रिक चरित्र, मूल्य र मान्यतालाई आत्मसात् गर्दै दलहरू दागी लाग्नबाट अलग रहनु पर्छ । अयोग्य, गलत र खराब व्यक्तिलाई टिकट दिनु हुँदैन । यदि झुक्किएर दिइएको छ भने फिर्ता गर्नु पर्छ । राजनीतिक मुद्दा नभएका गलत तत्व तथा 'मनी' र 'मसल' का आडमा चुनाव जित्न खोज्नेप्रति सबै सचेत हुनु पर्छ । निर्वाचित भएको खोल ओढेर गलत व्यक्ति संसद् र सरकारमा पुगे भने त्यसले व्यवस्थाकै बदनाम हुन्छ । राजनीतिक मुद्दा बोकेका, विचार र सिद्धान्तमा प्रस्ट भएका, नीति र विधि निर्माणप्रति रुचि भएका राजनीतिक व्यक्तिलाई टिकट दिनु पर्छ । त्यस्ता असल व्यक्ति जनताबाट चुनिए भने आगामी संसद् बलियो बन्ने छ । जनमैत्री कानुन बन्ने छन् । सरकारप्रतिको निगरानी पनि बलियो हुने छ । जनताका अपेक्षा र चाहनाको सम्बोधन हुने छ । यस पटकको प्रतिनिधि सभाको निर्वाचन आवधिक नभएर आकस्मिक घटनाका कारण भएकाले यसको विशेष महत्व छ । गत भदौ २३ र २४ गते भएको नवयुवा (जेनजी) पुस्ताको आन्दोलनको जगमा यो निर्वाचन हुँदै छ । भ्रष्टाचारमुक्त र सुशासनयुक्त समृद्ध नेपाल बनाउने सपना बोकेको यो आन्दोलनको मर्मलाई सबैले आत्मसात् गरी मुलुकलाई सही निकास दिने निर्वाचनलाई स्वतन्त्र, निष्पक्ष, धाँधलीरहित बनाउनु पर्छ । यसका लागि निर्वाचन आयोगले निर्वाचन आचारसंहिता लागु गरेको छ । यो आचारसंहितालाई सबैले पालना गर्नु पर्छ ।

आचारसंहिता उल्लङ्घन गरी निर्वाचनविरोधी काम गरेमा दण्डित गर्नेसमेत व्यवस्था गरिएको छ । मुलुकले लामो समयसम्म गरेको सङ्घर्षबाट प्राप्त भएको सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थालाई परिष्कृत र परिमार्जन गर्नुपर्ने अवस्था छ । यसमा राजनीतिक दलहरूकै प्रमुख भूमिका रहन्छ । सङ्घीयता, गणतन्त्र, धर्म निरपेक्षता, समानुपातिक समावेशिता अहिलेको संविधानको मूल विशेषता हुन् । यी विशेषतालाई जोगाउँदै संविधानलाई थप क्रियाशील बनाएर मुलुकका समस्या समाधान गर्न संविधानप्रति प्रतिबद्ध व्यक्तिलाई उम्मेदवार बनाएर संसद्मा पठाए मात्र अहिलेको यो व्यवस्था बलियो हुने छ । संविधानलाई समयसापेक्ष बनाई मुलुकका समस्या समाधान गर्ने आधार बनाउन पनि यो निर्वाचनको विशेष महत्व छ ।

# उत्पादित उत्साहको अभ्यास



**सीके लाल**

हरितपीत विद्रोहको शरद् विस्फोट ८–९ सेप्टेम्बर २०२५ द्वारा सिर्जित संवैधानिक संकट निवारणका लागि प्रतिनिधिसभाको पुनःस्थापन वा निर्वाचनमध्ये एउटा विकल्प अनिवार्य बन्न पुगेको थियो । पुनःस्थापन कानुनी मुद्दा भएकाले अदालतमा विचाराधीन छ । निर्वाचनमार्फत राजनीतिक समाधान खोज्नु सर्वमान्य प्रजातान्त्रिक प्रक्रिया भएकाले स्थापित तर अपहेलित तथा उदीयमान राजनीतिकर्मीहरूको छनोटमा एकसाथ पर्न पुग्नु अस्वाभाविक होइन । काम देखाउन पाउने हुनाले कार्यपालिकाका अवयवहरू पनि निर्वाचन रुचाउँछन् । लामो कालदेखि जडसरह रहेको अर्थतन्त्रमा व्यापक नगद प्रवाह हुने भएकाले कारोबारीहरूलाई पनि निर्वाचन मन पर्नु स्वाभाविक हो । आसन्न निर्वाचन आवधिक, मध्यावधि वा अपर्झट नभएर आकस्मिक प्रकृतिको भएकाले पुराना राजनीतिकर्मीहरू कुनै पूर्वतयारीबेगर मलिन अनुहारले मात्रै राजनीतिक प्रतिस्पर्धामा सामेल हुन लागेका छन् । अपेक्षाकृत छोटो समयभित्र राष्ट्रिय राजनीतिमा उल्लेख्य उपस्थिति दर्शाउन सफल राष्ट्रिय स्वतन्त्र पार्टीका राजनीतिकर्मीहरू सबभन्दा बढी उत्साहित देखिन्छन् । त्यो नवोदित दल प्रत्यक्ष वा परोक्ष तवरले शरद् विस्फोटसँग जोडिन पुगेको थियो । त्यसैले होला, हरितपीत विद्रोहका 'निमित्त नायक' बालेन्द्र शाहको राष्ट्रिय राजनीतिक उडानका लागि रास्वपा स्वाभाविक प्रक्षेपण मचान बन्न पुगेको छ ।

अन्तर्राष्ट्रिय ध्यानसमेत आकर्षित हुने वित्तीय हेराफेरीको मुद्दामा मुछिएकाले रवि लामिछानेलाई सायद रास्वपाउपर आफ्नो राजनीतिक नेतृत्व कायम राख्न सहज हुने छैन । आसन्न निर्वाचनपछि शाह प्रधानमन्त्री भए वा नभए पनि काठमाडौंका पूर्वमहामेयरले आफ्नो महत्त्वाकांक्षा अगाडि बढाउन उपयुक्त राजनीतिक वाहन भन्ने भेट्टाएका छन् । शरद् विस्फोटका नवयुवाहरूको आक्रोशको प्रमुख तारो रहेका तत्कालीन प्रधानमन्त्री खड्गप्रसाद शर्मा ओली अहिलेसम्म राजनीतिक रूपले सुरक्षित देखिन्छन्, यद्यपि त्यो मतगणनासम्म कायम रहन्छ वा रहन्न भन्ने कुरा भने हेर्न बाँकी छ । केही कुच्चिए पनि उनको खसआर्य समुदायको नृजातीय मुख्तियारको छवि यथावत् छ । एमाले दलमाथि उनले आफ्नो नियन्त्रणलाई अझ कसिलो बनाएका छन् । बाँकेका इस्तियाक राई र कपिलवस्तुका वीरेन्द्रकुमार कनौडियादेखि पर्साका राजेशमान सिंह एवं प्रदीप यादवसम्मका मौका छोप्न माहिर राजनीतिकर्मीहरू चुनावी ओत खोज्दै उनको शरणमा गुन्डु पुग्नुको अर्थ छ । एमालेको संगठन केही कमजोर भए पनि त्यस दलले आफ्नो उपस्थिति भने देशभरि नै जोगाएर राखेको छ । बहुसंख्यकवादी प्रतिक्रियाको डरले गर्दा खुलस्त समर्थन गर्न हच्किए पनि मधेशका मुसलमान एवं पहाडका इसाई तथा पुर्खा-पूजक मतदाता अन्य दलहरूको तुलनामा एमालेलाई रुचाउनुको कारण के हो भने धर्मनिरपेक्षताका मुद्दामा शर्मा ओली आफ्ना प्रतिस्पर्धीहरूभन्दा अपेक्षाकृत उदार छन् । शर्मा ओली वर्चस्ववादी समुदायको तुष्टीकरणका लागि राम जन्मभूमि, सुनको जलहरी तथा ऋषिमुनिहरूका कुरा त गर्छन्, तर उनको मनभित्रको अनीश्वरवादी नक्सलपन्थ अद्यापि जीवित रहेको हुन सक्छ । वैदेशिक सहयोगमा व्यापक कटौतीले गर्दा एमालेका भ्रातृ एवं भगिनी संस्थासरह काम गर्ने एवं हावादारी उद्यम (विन्डस्ट्री) भन्न मिल्ने गैरसरकारी संस्थाहरूको गतिविधि उल्लेख्य रूपले कम भइसकेको भए तापनि तिनको सञ्जाल भने अहिले पनि यथावत् छ । आर्थिक स्रोत परिचालनको मामिलामा एमाले सन् १९९० देखि नै चुस्त-दुरुस्त रहँदै आएको छ । त्यसमा झन् काठमाडौं र वीरगन्जजस्ता साधन सम्पन्न महानगरपालिकाहरू त्यस व्यावहारिक दलको पोल्टामा आइपुगेको छ । शर्मा ओलीको एक मात्र चुनौती के हो भने उनीबाहेक एमालेभित्र देशभरि बिक्ने अनुहार एउटा पनि बाँकी छैन । केही गरी आसन्न निर्वाचनबाट उनी जोगिएर निस्किन सकेनन् भने एमाले छिन्नभिन्न हुन धेरै समय लाग्ने छैन । आफ्नो व्यक्तिगत र राजनीतिक जीवनका कतिपय कठिन अग्निपरीक्षाहरूबाट झन्-झन् बलियो भएर निस्किएका नृजातीय मुख्तियार शर्मा ओली जिन्दगीको निर्णायक मोडमा मतदाता निरपेक्षताको हिउँमा चिप्लेटी खेल्ने प्रतिस्पर्धामा उत्रिँदै छन् । इतिहासमा नाम लेखाउने लोभ भने शक्ति र सत्ताको आकर्षणभन्दा पनि बलियो हुने रहेछ । झापाको ओलीको आधार क्षेत्रमा उनका प्रमुख चुनावी प्रतिद्वन्द्वी शाहसँग गुमाउने कुरा केही छैन, जिते भने प्रतिनायकलाई परास्त गरेको ताज भिर्न पाउने छन् । शर्मा ओलीले जिते पाउने भनेको निरन्तरता हो, हारे भने बढीमा अन्तर्राष्ट्रिय मिडियामा तात्कालिक चर्चा । शरद् विस्फोटपछि गुड्न सुरु भएको निर्वाचनको यात्रु बसमा अन्तिम समयमा पाइदानमा खुट्टा टेकेर झुन्डिन आइपुगेका गगन थापा यस पटक आफ्नो राजनीतिक जीवनको पहिलो कठिन परीक्षामा सामेल हुन गइरहेका छन् । सन् २००६ पछि र अहिलेभन्दा पहिले, जहिले पनि उनी अटेसमटेस गरेर भए पनि अगाडिको आरामदायी सिटमा बसेर यात्रा गर्ने

बाँकी तेश्रो पृष्ठमा⇨

# कांग्रेस विशेष महाधिवेशन विधानसम्मत छ ?

**गान्धी पण्डित**

नेपाली कांग्रेसको विशेष केन्द्रीय महाधिवेशनले नेपालको राजनीतिमा अद्भुत तरंग ल्याएको छ । त्यो विशेष महाधिवेशनले पुरानो कार्यसमिति बदर गरी गगन थापाको अध्यक्षतामा नयाँ कार्यसमिति गठन गर्‍यो । यसले पार्टीभित्र कठिन अवस्था सिर्जना भयो र विग्रहको अवस्थामा पुग्यो । विशेष महाधिवेशन बैठकले शेरबहादुर देउवाको पुरानो कार्यसमिति विघटन गरी सो विषयको जानकारी निर्वाचन आयोगमा राजनीतिक दलसम्बन्धी ऐनको दफा-५१ बमोजिम दिइएको थियो । गगन समूहले पदाधिकारी हेरफेरको जानकारी दिएपश्चात् शेरबहादुर समूह पनि निर्वाचन आयोग पुगी 'गगन समूहको महाधिवेशन अवैधानिक भएको र त्यो समूहलाई अद्यावधिक नगरियोस्' भनी लिखित प्रतिवाद गरेको थियो । दुवै पक्षको लिखित दाबी र प्रतिवादपछि आयोगले राजनीतिक दलसम्बन्धी ऐनको दफा-५१ बमोजिम पदाधिकारीलाई अद्यावधिक गर्ने वा नगर्ने भन्ने निर्क्योल गर्नुपर्ने अवस्था आयो ।

आयोगले संविधान, ऐन तथा दलको विधानको अधीनमा रही दुवै पक्षबाट पेस भएका लिखित दाबी, प्राप्त अन्य कागजातको अध्ययन र जाँचबुझ गर्दा गगन समूहको दाबीबमोजिम गरिएको दलको पदाधिकारीको हेरफेरलाई 'राजनीतिक दलसम्बन्धी ऐन एवं दलको विधानबमोजिम भए/गरेको पाइएको भनी' अद्यावधिक गर्ने निर्णय गरेको थियो । सो निर्णय संविधान, ऐन, कानुन र दलको विधानविपरीत हुँदा 'बदर गरी पाउँ' भनी सर्वोच्च अदालतमा रिट निवेदन दिइएको थियो । सर्वोच्चले कारण देखाऊ आदेश दिँदै छलफलमा बोलाएको छ । पुराना संस्थापक पक्षहरूले 'केन्द्रीय कार्यसमितिले मात्रै विशेष केन्द्रीय महाधिवेशन बोलाउन पाउने व्यवस्था विधानमा रहेको हुँदा सो विपरीत बोलाइएको महाधिवेशनलाई कानुनले मान्यता नदिने हुँदा बदरभागी छ' भनी दाबी लिएका छन् । उता विशेष महाधिवेशन पक्षको भनाइ छ, 'विधानको दफा-१७ अनुसार कार्यसमितिले विशेष महाधिवेशन नबोलाएको अवस्थामा ४० प्रतिशत महाधिवेशन प्रतिनिधिले महाधिवेशनको बैठक बोलाउन लिखित अनुरोध गरेमा तीन महिनाभित्र विशेष महाधिवेशन बोलाउनुपर्ने बाध्यात्मक व्यवस्था हुँदा सोबमोजिम ५१ प्रतिशत बढी प्रतिनिधि उपस्थित भई बैठक बस्न सक्ने र त्यसले वैधानिकता पाउनेछ ।' यी दुई पक्षको भनाइ र दाबी कुनचाहिँ कानुन र विधानसम्मत रहेछ भनी यस आलेखमा विश्लेषण गर्ने खोजिएको छ । हाल सम्पन्न विशेष महाधिवेशन कार्यसमितिले नबोलाएको भए पनि निम्न कारण त्यो वैधानिक र कानुनसम्मत भएको पाइन्छ । त्यो विशेष केन्द्रीय महाधिवेशनको बैठक विधानसम्मत छ । विधानको धारा १७ (२) मा ४० प्रतिशत महाधिवेशन प्रतिनिधिले विशेष केन्द्रीय महाधिवेशन बैठक बोलाउन भनी केन्द्रसमक्ष लिखित अनुरोध गरेमा ३ महिनाभित्र विशेष केन्द्रीय महाधिवेशन बोलाउनुपर्ने बाध्यात्मक व्यवस्था गरिएको हुँदा त्यस्तो अधिवेशन केन्द्रले अर्थात् केन्द्रका पदाधिकारी महासचिवले बोलाएको कार्य विधानसम्मत रहेको स्पष्ट छ । किनभने विधानको नियम १७ (२) मा विशेष केन्द्रीय महाधिवेशन या केन्द्रीय कार्यसमिति आफैंले बोलाउन सक्ने वा नबोलाएमा ४० प्रतिशत महाधिवेशन सदस्यको लिखित अनुरोधमा केन्द्रले बोलाउन सक्ने व्यवस्था गरिएको छ । केन्द्र भन्नाले कार्यसमिति र पार्टीको केन्द्रीय कार्यालयलाई समेत बुझाउने छ भनी नियम २ (१२) मा परिभाषित गरिएको छ । उक्त विशेष केन्द्रीय महाधिवेशन कार्यसमितिले नबोलाएको र पार्टीको केन्द्रीय कार्यालयका तर्फबाट महामन्त्रीले बोलाएका हुँदा त्यो वैधानिक र नियमसम्मत छ । किनभने विधानको नियम २७ अनुसार, नेपाली कांग्रेसको केन्द्रीय कार्यालय चाहिँ महामन्त्रीको मातहतमा रहने गरी व्यवस्था गरिएको छ- महामन्त्रीले केन्द्रीय कार्यालयको रेखदेख र सञ्चालन गर्नेछ । विधानको दफा २२ मा यस्तो व्यवस्था गरिएको छ र ४० प्रतिशत महाधिवेशन प्रतिनिधिले विशेष केन्द्रीय महाधिवेशनको बैठक बोलाउन लिखित अनुरोध गरेकाले सोबमोजिम महामन्त्रीले बोलाई सम्पन्न गरेको महाधिवेशन कानुन र विधानसम्मत नै देखिन्छ ।

१. केन्द्रीय महाधिवेशनको चारवर्षे कार्यकाल कार्यसमितिले बढाउन नसक्ने : विधानको नियम २७ (१) मा प्रत्येक चार वर्षमा केन्द्रीय महाधिवेशन बैठक बस्ने व्यवस्था गरेको छ । उक्त चारवर्षे कार्यकालको अवधि बढाउन पाउने गरी विधानले कार्यसमितिलाई अधिकार प्रदान गरेको पाइँदैन । तर, शेरबहादुर देउवा अध्यक्ष रहेको पूर्वकार्यसमितिले यही मंसिरमा सम्पन्न गरिसक्नुपर्ने केन्द्रीय महाधिवेशनलाई विभिन्न कारण देखाई आगामी वैशाखसम्म सम्पन्न गर्ने भनी निर्णय गर्दा विधानको दफा ४३ मा टेकेको पाइन्छ ।विधानको दफा ४३ मा 'पार्टीका सबै तहका पदाधिकारी तथा सदस्यहरूको पदावधि चार वर्षको हुनेछ, असाधारण स्थिति भएमा केन्द्रीय कार्यसमितिले सोको कारण खोली बढीमा एक वर्षसम्म अवधि बढाउन सक्नेछ' भनी व्यवस्था गरेको पाइन्छ । उक्त व्यवस्थाले कार्यसमितिलाई आफ्नो पदाधिकारी एवं सदस्यको पदावधि एक वर्षसम्म बढाउन सक्ने अधिकार प्रदान गरेको पाइन्छ । सो व्यवस्थाले विधानको दफा १७ मा तोकेको 'महाधिवेशनको चारवर्षे कार्यकाललाई बढाउने अधिकार कार्यसमितिमा छ' भन्न र व्याख्या गर्न मिल्ने देखिँदैन । यस अर्थमा विगत मंसिरभित्र सम्पन्न गरिसक्नुपर्ने महाधिवेशन अवधिलाई ६ महिना बढाएर वैशाखमा सम्पन्न गर्ने निर्णय विधानसम्मत देखिँदैन । त्यस अर्थमा पुरानो कार्यसमितिको कामकारबाही विधान, विधि र पद्धतिविपरीत छ । २. पदाधिकारी एवं सदस्यहरूको पदावधि एक

बाँकी तेश्रो पृष्ठमा⇨

# अन्तर्राष्ट्रिय समाचार

## बोन्डी गोलीकाण्डपछि अस्ट्रेलियामा कडा कानून



*काठमाडौं, ०७ माघ ।* सिड्नीको बोन्डी बिचमा भएको घातक गोलीकाण्डपछि अस्ट्रेलियाको संसदले बन्दुक नियन्त्रण कडा बनाउने र घृणा-विरोधी भाषणसम्बन्धी नयाँ कानून पारित गरेको छ । प्रधानमन्त्री एन्थोनी अल्बानिजले यी कानूनहरू हिंसा र घृणाविरुद्धको एकताबद्ध कदम भएको बताउँदै स्वागत गरेका छन् । गत डिसेम्बर १४ मा यहुदी पर्व हनुक्काका क्रममा दुई बन्दुकधारीले १५ जनाको हत्या गरेका थिए । अधिकारीहरूका अनुसार उक्त आक्रमण इस्लामिक स्टेट समूहबाट प्रेरित थियो । प्रधानमन्त्री अल्बानिजले बोन्डी घटनालाई उल्लेख गर्दै आतंककारीको मनमा घृणा र हातमा बन्दुक भएकाले यति ठूलो क्षति भएको बताए र सरकारले दुवै समस्यालाई एकसाथ सम्बोधन गर्ने प्रतिबद्धता पूरा गरेको स्पष्ट पारे । सरकारले सुरुमा एउटै विधेयक ल्याउने योजना बनाए पनि अन्ततः बन्दुक नियन्त्रण र घृणा-विरोधी भाषणलाई छुट्टाछुट्टै विधेयकका रूपमा संसद्मा प्रस्तुत गरेको थियो । मंगलबार ढिलो सिनेटबाट दुवै विधेयक पारित भएका छन् । सत्तारूढ लेबर पार्टीको तल्लो सदनमा बहुमत भए पनि माथिल्लो सदनमा सम्झौता गरेर अघि बढ्नुपरेको प्रधानमन्त्रीले स्वीकार गरे ।

नयाँ बन्दुक कानूनले बन्दुक स्वामित्वमा थप प्रतिबन्ध लगाउने र हतियार हस्तान्तरण गर्नुपर्ने व्यक्तिलाई क्षतिपूर्ति दिने सरकारी पुनर्खरीद कार्यक्रम सुरु गर्ने व्यवस्था गरेको छ । घृणा-विरोधी भाषण कानूनले आतंककारी सूचीमा नपरेका तर चरमपन्थी गतिविधिमा संलग्न समूहहरूलाई पनि गैरकानूनी घोषणा गर्न सक्ने आधार दिएको छ, जसमा गुप्तचर संस्था एएसआइओको भूमिका रहनेछ । गृहमन्त्री टोनी बर्कका अनुसार बोन्डी आक्रमणका आरोपी बुबा-छोरा यी नयाँ कानूनअन्तर्गत बन्दुक राख्न अयोग्य ठहरिने थिए । घटनामा मारिएका बुबासँग कानूनी बन्दुक थियो भने घाइते छोरामाथि १५ वटा हत्या सहित दर्जनौं गम्भीर अभियोग लगाइएको छ । विपक्षी नेसनल पार्टीले घृणा-विरोधी भाषण कानूनले अभिव्यक्ति स्वतन्त्रतामा असर पार्न सक्ने भन्दै विरोध जनाएको छ ।

यद्यपि सरकारको भनाइमा, सन् १९९६ को तस्मानिया नरसंहारपछि जस्तै, यो कदम पनि जनसुरक्षाका लागि अपरिहार्य हो । त्यस घटनापछि अस्ट्रेलियाले कडा बन्दुक कानून लागू गरी करिब सात लाख हतियार फिर्ता किनेको थियो । नयाँ पुनर्खरीद कार्यक्रमका लागत बाँडफाँटलाई लिएर केही राज्य र क्षेत्रसँग असहमति भए पनि सङ्घीय सरकारले वार्ता जारी राख्ने जनाएको छ ।

## नेतान्याहु ट्रम्पको शान्ति बोर्डमा सहभागी

*काठमाडौं, ०७ माघ ।* इजरायलका प्रधानमन्त्री बेन्जामिन नेतान्याहुले बुधबार अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको नेतृत्वमा गठन गरिएको शान्ति बोर्डमा सामेल हुन सहमति जनाएका छन् । यसअघि नेतान्याहुको कार्यालयले बोर्डको कार्यकारी समितिको संरचनाप्रति आपत्ति जनाए पनि अन्ततः सहभागितामा सहमति बनेको हो । ट्रम्पको अध्यक्षतामा रहेको यो बोर्ड सुरुमा गाजामा युद्धविराम योजनाको अनुगमन गर्ने सीमित विश्व नेताहरूको समूहका रूपमा परिकल्पना गरिएको थियो । तर ट्रम्प प्रशासनले यसलाई फराकिलो बनाउँदै दर्जनौं देशलाई निमन्त्रणा दिएको छ, जसले भविष्यमा विश्वव्यापी द्वन्द्व समाधानमा मध्यस्थता गर्ने संकेत दिएको छ । नेतान्याहुको कार्यालयले यसअघि कार्यकारी समितिमा क्षेत्रीय प्रतिद्वन्द्वी टर्की समावेश गरिएको विषयमा इजरायली सरकारसँग समन्वय नगरी निर्णय गरिएको भन्दै आपत्ति जनाएको थियो । इजरायलका अतिदक्षिणपन्थी अर्थमन्त्री बेजलेल स्मोट्रिचले पनि बोर्डको आलोचना गर्दै गाजाको भविष्यमा इजरायलले एकतर्फी जिम्मेवारी लिनुपर्ने धारणा राखेका थिए । बोर्डमा संयुक्त अरब इमिरेट्स, मोरक्को, भियतनाम, बेलारुस, हङ्गेरी, कजाकिस्तान र अर्जेन्टिनाजस्ता देशहरू सहभागी भइसकेका छन् । बेलायत, रुस र युरोपेली सङ्घ (इयु) को कार्यकारी शाखाले निमन्त्रणा प्राप्त गरेको जनाए पनि अहिलेसम्म आधिकारिक प्रतिक्रिया दिएका छैनन् । स्विट्जरल्याण्डको डाभोसमा भइरहेको विश्व आर्थिक मञ्चमा नेतान्याहुले बोर्डसम्बन्धी थप विवरण दिन सक्ने अपेक्षा गरिएको छ । यद्यपि, कुन-कुन देश वा नेताहरू अझै सहभागी हुनेछन् भन्ने स्पष्ट भइसकेको छैन । बोर्डले संयुक्त राष्ट्रसङ्घलाई प्रतिस्थापन गर्ने हो कि भन्ने प्रश्नमा ट्रम्पले 'हुनसक्छ' भन्दै राष्ट्रसङ्घले आफ्नो क्षमताअनुसार काम नगरेको टिप्पणी गरेका थिए । यसले विवाद उत्पन्न गरेको छ । फ्रान्सेली विदेशमन्त्री जीन-नोएल बारोटले ट्रम्पको शान्ति योजनालाई समर्थन गरे पनि नयाँ सङ्गठन बनाएर राष्ट्रसङ्घ लाई प्रतिस्थापन गर्ने प्रयास छन ।

## इरान-अमेरिका तनाव चर्कियो



*काठमाडौं, ०७ माघ ।* इरानमा विरोध प्रदर्शनमाथि भएको कडा दमनको पृष्ठभूमिमा इरानका विदेशमन्त्री अब्बास अराघचीले संयुक्त राज्य अमेरिकाविरुद्ध अहिलेसम्मकै सबैभन्दा प्रत्यक्ष चेतावनी दिएका छन् । उनले यदि इरानमाथि नयाँ आक्रमण भयो भने इस्लामिक गणतन्त्रले उपलब्ध सबै सैन्य क्षमताबाट जवाफी कारबाही गर्ने स्पष्ट सन्देश दिएका हुन् । द वाल स्ट्रिट जर्नलमा प्रकाशित आफ्नो अभिमत लेखमार्फत विदेशमन्त्री अराघचीले इरानका सशस्त्र फौज पूर्ण रूपमा तयार रहेको बताउँदै सन् २०२५ को जुनमा इजरायलसँग भएको १२ दिने युद्धका बेला अपनाइएको संयम अब दोहोरिन नसक्ने संकेत गरे । उनका अनुसार, यस्तो अवस्था उत्पन्न भएमा त्यसको असर केवल इरान वा इजरायलमै सीमित नहुने, सम्पूर्ण क्षेत्र र विश्वभरका सर्वसाधारण प्रभावित हुनेछन् । यो चेतावनी अमेरिकी विमानवाहक युद्ध समूह एसियाबाट पश्चिमतर्फ, मध्यपूर्व नजिकिँदै गरेको अवस्थामा आएको हो । अमेरिकी नौसेनाका एक अधिकारीका अनुसार युएसएस अब्राहम लिङ्कन नेतृत्वको समूह हिन्द महासागर हुँदै मध्यपूर्वतर्फ अघि बढिरहेको छ, जसले क्षेत्रीय तनाव अझ चर्किने संकेत दिएको छ । यसैबीच, इरानमा भएको विरोध प्रदर्शनमा मृत्यु हुनेको सङ्ख्या चार हजार ५०० नाघेको दाबी अमेरिका-आधारित मानव अधिकार कार्यकर्ता समाचार एजेन्सीले गरेको छ । एजेन्सीका अनुसार हजारौं मानिस पक्राउ परेका छन् र मृत्युदण्डको सम्भावनालाई लिएर गम्भीर चिन्ता बढेको छ । इरानका सर्वोच्च नेता आयातोल्लाह अली खमेनीले समेत हजारौंको ज्यान गएको स्वीकार गर्दै त्यसको दोष संयुक्त राज्य अमेरिकालाई दिए । यद्यपि हाल केही दिनदेखि सडक प्रदर्शन देखिएको छैन, जनवरी ८ देखि इन्टरनेट बन्द भएकाले वास्तविक क्षतिको विवरण अझै बाहिर आउन बाँकी रहेको विश्लेषकहरूको भनाइ छ । यस अवस्थाले इरान-अमेरिका सम्बन्धमा गहिरो तनाव कायम राख्दै मध्यपूर्वलाई नयाँ अस्थिरताको दिशातर्फ धकेल्ने खतरा बढाएको छ ।

## उत्पादित उत्साह........

गरेका थिए । कांग्रेसको विवादित विशेष महाधिवेशनद्वारा सर्वसम्मत रूपले निर्वाचित सभापति थापासँग चारतारे झन्डा त छ, तर त्यो फरफराउने झन्डा-कार्यकर्ताहरूको जमात भने तितरबितर भइसकेको छ । अगाडिबाट प्रगतिवादी, पछाडिबाट रूढिवादी, देब्रेबाट समाजवादी र दाहिनेबाट बजारवादीहरूको तारन्तार बन्चरो प्रहारले गर्दा उनको दलको बूढो 'रुख' मुस्किलले ठिंग उभिएको छ । सन् २००७ र सन् २००८ तिरको मधेश विद्रोहहरूमा हाँगाबिँगा छिमोलिएको 'रुख' मा तत्कालीन अध्यक्ष सुशील कोइरालाको सन् २०१५ को राजनीतिक अल्पदृष्टिले गर्दा अहिलेसम्म आफ्नो आधार क्षेत्रमा समेत नयाँ पालुवा पलाउन सकेको छैन । आफ्नो आर्थिक स्रोत, सांगठनिक क्षमता र चुनावी तयारीभन्दा पनि सन् २००८ देखिका प्रतिस्पर्धीहरूको कमजोरीबाट हौसिएका नेकपाका अनौपचारिक सर्वेसर्वा पुष्पकमल दाहाल सायद सन् २०१५ पछिको आन्तरिक अवस्था एवं भूराजनीतिक समीकरणको यथार्थपरक आकलन गर्न सकिरहेका छैनन् । चुनावी प्रतिस्पर्धामा सांस्कृतिक रूपले किनाराकृत, सामाजिक तवरले तिरस्कृत, राजनीतिक वृत्तबाट ओझेलमा पारिएका र धार्मिक अल्पसंख्यक उम्मेदवारहरूलाई प्रस्तुत गर्नु एउटा कुरा हो, तर तिनलाई विजयी बनाउन सक्ने चामत्कारिक शक्ति दाहालसँग बाँकी छैन । आफ्नो राजनीतिक मञ्चलाई एमालेमा विलय गरेदेखि नै एकताकाका प्रचण्ड राजनीतिकर्मी अहिले रामनामी ओढेर अस्तित्व जोगाउनुपर्ने अवस्थामा पुगिसकेका छन् । दलीय उम्मेदवार भए पनि आ-आफ्नो व्यक्तिगत हैसियतमा प्रतिस्पर्धा गर्नुपर्ने अवस्थामा रहेका मधेश-आश्रित दलहरूमा पनि निर्वाचनप्रति खासै उत्साह नदेखिनु स्वाभाविक हो । **प्रायोजित उमंग** संसदीय व्यवस्थामा आवधिक निर्वाचनले देशमा विद्यमान राजनीतिक सन्तुलनको वैधानिकतालाई नवीकरण गर्ने गर्दछ । सदनभित्रको दलीय समीकरण खलबलिएमा मध्यावधि निर्वाचन गराउनुपर्ने परिस्थिति उत्पन्न हुन्छ । आफ्नो लोकप्रियता बढेको वा स्विकार्यता यथावत् रहेकाले वैधानिकता पनि पुनःस्थापित हुनुपर्ने चाहनाले गर्दा पदासीन कार्यकारी प्रमुखहरू कहिलेकाहीं अपर्झट निर्वाचन गराउने गर्छन् । आसन्न आकस्मिक निर्वाचनको घोषित उद्देश्य 'संवैधानिक व्यवस्था जोगाउनु' रहेको हुन सक्छ । साभार ईकान्तिपुर ।

## कांग्रेस विशेष............

वर्ष थपेका कारण महाधिवेशनको अवधि थप नहुने : विधानको नियम ४३ बमोजिम पार्टीका सबै तहका पदाधिकारी एवं सदस्यहरूको पदावधि चार वर्ष हुनेछ र असाधारण स्थिति सिर्जना भए केन्द्रीय कार्यसमितिले सोको कारण खोली बढीमा एक वर्षसम्मको अवधि बढाउन सक्नेछ । कार्यसमितिको पदावधि बढेको वा बढाइएको कारणले केन्द्रीय महाधिवेशनको चारवर्षे कार्यकाल पनि स्वतः बढ्नेछ, विधानमा कहींकतै व्यवस्था गरिएको छैन । तसर्थ 'कार्यसमितिको पदावधि बढेका कारण स्वतः केन्द्रीय महाधिवेशनको अवधि बढ्न सक्ने' भनी गरेको व्याख्या कानुन र विधानविपरीत भएको स्पष्ट छ ।

३. कांग्रेसको केन्द्रीय महाधिवेशन पार्टीको सर्वोच्च अधिकारसम्पन्न निकाय : कांग्रेसको विधानको दफा १५ ले केन्द्रीय महाधिवेशनलाई सार्वभौम एवं सर्वोच्च अधिकारसम्पन्न निकायको रूपमा मान्यता दिएको छ । यो सार्वभौम एवं सर्वोच्च निकायभन्दा पनि माथि कार्यसमिति रहने गरी विधानमा कुनै व्यवस्था गरेको पाइँदैन । त्यस अर्थमा केन्द्रीय कार्यसमिति भनेको केन्द्रीय महाधिवेशनअन्तर्गतको अधीनस्थ निकाय मात्रै हो । साभार ईकान्तिपुर ।

## रास्वपाले पर्सा............

सेवाको भावनाले प्रेरित भई संस्था र विद्यालयले सहयोग कार्यलाई निरन्तरता दिँदै आएको बताए ।

"समाजका असहाय, अनाथ तथा विशेष आवश्यकता भएका बालबालिकाहरूको जीवन सहज बनाउने उद्देश्यले यो सहयोग गरिएको हो । आगामी दिनमा पनि शिक्षा, स्वास्थ्य र सामाजिक क्षेत्रमा यस्ता कार्यक्रमलाई अझ विस्तार गर्दै लैजाने हाम्रो योजना छ," उनले भने । सहयोग प्राप्त संस्थाका प्रतिनिधिहरूले गौतम समाज कल्याण संस्था र गौतम सेकेन्डी स्कूलप्रति आभार व्यक्त गर्दै यस्तो पहलले आश्रित बालबालिकाहरूको दैनिकीमा सकारात्मक परिवर्तन आउने विश्वास व्यक्त गरेका छन् ।

नेपाल पोष्ट डेली ई -पेपरका लागि स्क्यान गर्नुहोस्

# स्वास्थ्य

## गर्भपातपछि फेरि महिनावारी सुरु हुन कति समय लाग्छ ?



गर्भपात महिलाहरूका लागि एक कठिन समय हो । यो समयमा महिलाहरू शारीरिक र मानसिक दुवै समस्याबाट पीडित हुन्छन् । गर्भपातपछि शरीरमा केही हर्मोनल परिवर्तन आउँछ । हर्मोनल परिवर्तनका कारण महिलाको भावनात्मक स्वास्थ्यमा पनि परिवर्तन हुन्छ । यस्तोमा धेरै ख्याल राख्ने र हेरचाहको जरुरी हुन्छ । गर्भपातका कारण माहिनावारीको चक्रमा असर गर्छ । महिनावारी नियमित हुनका लागि केही समय लाग्न सक्छ । **गर्भपातपछि कति समय लाग्छ त महिनावारी सुरु हुन ?** गर्भपातपछि कति समयपछि महिनावारी सुरु हुन्छ भनेर ठ्याक्कै भन्न कठिन हुन्छ । महिलाअनुसार समय फरक-फरक हुनसक्छ । हर्मोनको असन्तुलन, महिलाको स्वास्थ्य अवस्था जस्ता कुराले यसमा भूमिका खेलेको हुन्छ । धेरैजसो केसमा ४ देखि ६ हप्तापछि महिनावारी सुरु हुन्छ । कोही महिलामा भने गर्भपात भएको लामो समयसम्म महिनावारी सुरु नहुनसक्छ । गर्भअवस्थामा कुनै जटिल समस्या भएको खण्डमा वा गर्भवती भएको पछिल्लो महिनातिर गर्भपात भएको खण्डमा महिनावारी सुरु हुन लामो समय लाग्न सक्छ । **हर्मोन नियमित हुनका लागि समय लाग्छ** गर्भपातपछि महिलाको शरीरमा हर्मोन नियमित हुनका लागि समय लाग्न सक्छ । गर्भावस्थामा महिलाको शरीरमा 'ह्युमन कोरियोनिक गोनाडोट्रोपिन' हर्मोन उत्पादन भएको हुन्छ । यसलाई ' प्रेग्नेन्सी हर्मोन' पनि भनिन्छ । फेरि महिनावारी सुरु हुनका लागि शरीरमा यो हर्मोनको मात्रा शून्यमा झर्नुपर्छ । गर्भपात अपूरो छ वा यसमा यदि डी एण्ड सी(डाइलेसन एण्ड क्युरेटेज) जस्ता चिकित्सकीय सहायता आवश्यक भएको खण्डमा महिनावारी सुरु हुनका लागि लामो समयको उपचार आवश्यक हुनसक्छ । **किन हुन्छ पटक-पटक गर्भपात ?** जब गर्भपातपछि महिनावारी सुरु हुन्छ, त्यो समान्य अवस्थाको भन्दा फरक हुन पनि सक्छ । कोही महिलामा धेरै रगत बग्ने समस्या देखिन सक्छ । कोही महिलालाई तल्लो पेट धेरै दुख्ने समस्या हुन पनि सक्छ । शारीरिक र मानसिक समस्याका कारण महिनावारी अनियमित हुने समस्या पनि देखिन सक्छ । **यी कुरामा ध्यान दिनुपर्छ** -यदि गर्भपात भएको ८ हप्तासम्म पनि महिनावारी सुरु नभएको खण्डमा यो कुनै संक्रमणको कारण बन्न सक्छ ।

निर्धारित मापदण्डको पाल्ना गरौं, नक्सा पास गरी निर्माण कार्य गरौं ।
परवानीपुर गाँउपालिकाको कार्यालय,परवानीपुर, बारा

सडक किनारमा गाई,वस्तुको साथै घर पालुवा जानवर नबाधौं,नाद,खुटा आदी नराखौं ।
करैयामाई गाउँपालिकाकोकार्यालय करैया, बारा

शौचालय निर्माण गरी गाँउलाई खुल्ला दिशा मुक्त बनाऔं ।
बिन्दवासिनी गाँउपालिकाको कार्यालय, बिन्दबासिनी, पर्सा

# निर्वाचन अवधिभर सोशल मिडिया निगरानी कडा गर्ने सरकारको निर्णय

**काठमाडौं, ०७ माघ ।**

आगामी प्रतिनिधिसभा निर्वाचनको समयमा सामाजिक सञ्जालमार्फत हुन सक्ने दुरुपयोग र गलत सूचना नियन्त्रण गर्न सरकारले निगरानी कडा गर्ने भएको छ। बुधबार गृहमन्त्री ओमप्रकाश अर्यालको अध्यक्षतामा बसेको केन्द्रीय सुरक्षा समितिको बैठकले यस सम्बन्धमा निर्णय गरेको हो । बैठकमा सुरक्षा अधिकारीहरूले निर्वाचन अवधिभर सामाजिक सञ्जालको दुरुपयोग बढ्न सक्ने रिपोर्ट प्रस्तुत गर्दै गृहमन्त्रीको ध्यानाकर्षण गराएका थिए। समितिले गैरकानुनी गतिविधि भए कडाइका साथ कारबाही गर्ने निर्णय पनि गरेको छ। बैठकमा यसअघि पारीत र कार्यान्वयनमा रहेको एकीकृत निर्वाचन सुरक्षा योजना, २०८२ अन्तर्गत चारवटा मुख्य सुरक्षा निकायले गरेका तयारी, जनशक्ति परिचालन, बन्दोबस्ती योजना र जिम्मेवार निकायहरूको कार्यसम्पादनको समीक्षा गरिएको थियो । सुरक्षा चुनौती र अवस्था विश्लेषण गर्दै बैठकले निर्वाचनको कार्यक्रममा समन्वय गर्न गठन गरिएका सबै संयन्त्रलाई सक्रिय बनाउन, र राजनीतिक दल तथा उम्मेदवारको प्रचार-प्रसार व्यवस्थित गर्न जिल्लास्तरका सुरक्षा समितिलाई निर्देशन दिने निर्णय पनि गरेको छ। सरकारले यसअघि नै जनशक्ति परिचालन, निगरानी प्रविधि र सुरक्षा संयन्त्र सुदृढ गर्ने तयारी अघि बढाइसकेको छ, जसले निर्वाचनलाई शान्तिपूर्ण र निष्पक्ष वातावरणमा सम्पन्न गर्न सहयोग पुग्ने विश्वास गरिएको छ।




# चुनाव लड्न मन्त्री, मेयरदेखि वडा सदस्यसम्म ३६ जनाले दिए राजिनामा



**काठमाडौं, ०७ माघ ।**

आगामी प्रतिनिधिसभा निर्वाचनमा उम्मेदवार बन्न बहालवाला मन्त्रीदेखि र विभिन्न तहका जनप्रतिनिधिहरूले राजीनामा दिएका छन् । निर्वाचन आयोगको आचारसंहिता र संवैधानिक व्यवस्थाअनुसार लाभको पदमा रहेका व्यक्तिले उम्मेदवारी दर्ता गर्नुअघि राजीनामा दिनुपर्ने प्रावधानका कारण ३७ जना जनप्रतिनिधिले आफ्नो पद त्यागेका हुन् । राजीनामा दिनेहरूमा ४ जना संघीय मन्त्री, ३ जना राष्ट्रिय सभा सदस्य, १४ जना प्रदेश सभा सदस्य र १४ जना स्थानीय तहका प्रतिनिधि छन् । ६ महिना कार्यकाल भएको सरकारमा चुनावी प्रयोजनका लागि आएका चार मन्त्रीले चुनाव लड्नकै लागि दुई महिना अगावै राजीनामा दिएका छन् । त्यस्तै, फागुन २० गतेदेखि कार्यकाल सकिँदै गरेका तीनजना राष्ट्रिय सभा सदस्यले राजीनामा दिएका छन् । त्यसमध्ये २ जना उम्मेदवार बनेका छन् । त्यस्तै, प्रदेश तहमा प्रत्यक्ष रुपमा निर्वाचित १४ जना प्रदेशसभा सदस्यले राजीनामा दिएका छन् । त्यसबाहेक १३ जना उम्मेदवार बनेका छन् । एक जनाले भने टिकट पाएनन् । प्रदेश सभातर्फ बागमतीबाट सबैभन्दा धेरै ६ जनाले राजीनामा दिएका छन् भने मधेस प्रदेशबाट ४, लुम्बिनीबाट ३ र सुदूरपश्चिमबाट १ जनाले राजीनामा दिएका छन् । स्थानीय तहका चारजना नगर प्रमुख, तीनजना गाउँपालिका अध्यक्ष, एकजना नगर उपप्रमुख, एकजना गाउँपालिका उपाध्यक्ष, तीनजना वडाध्यक्ष र एकजना वडा सदस्य छन् । यसरी राजीनामा दिने सबैले टिकट पाएका छन् ।

# सप्तरीका चार प्रतिनिधिसभा सिटमा १ सय ४ उम्मेदवार मैदानमा




**जनकपुर, ०७ माघ ।**

सप्तरीबाट चार प्रतिनिधिसभा सदस्यका लागि भइरहेको निर्वाचनमा १ सय ४ जनाले उम्मेदवारी दर्ता गराएका छन् । निर्वाचन क्षेत्र नम्बर १ बाट २१ जना, २ बाट ३४ जना, ३ बाट २२ जना र ४ बाट २७ जनाले उम्मेदवारी दर्ता गराएका हुन् । उम्मेदवारी दर्ता गराएकामध्ये ५९ जना राजनीतिक दलका छन् भने बाँकी स्वतन्त्र उम्मेदवार हुन् । क्षेत्र नम्बर १ बाट ७ जना, २ बाट १४ जना, ३ बाट ८ जना र ४ बाट १३ जना गरी ४५ जना स्वतन्त्र उम्मेदवारले उम्मेदवारी दिएका छन् । क्षेत्र नम्बर १ बाट जनमत पार्टीका उपाध्यक्ष जयकान्त राउत, नेकपा एमालेका निवर्तमान पोलिटब्युरो सदस्य सुमनराज प्याकुरेल, नेपाली कांग्रेसका जिल्ला सभापति रामदेव साहलगायतको उम्मेदवारी परेको छ ।

क्षेत्र नम्बर २ बाट जनमत पार्टीका अध्यक्ष डा. चन्द्रकान्त राउत, पूर्व सिँचाइ मन्त्री उमेशकुमार यादव, पूर्वमुख्यमन्त्री सतिशकुमार सिंहलगायतले उम्मेदवारी दिएका छन् । पूर्वसिँचाइ मन्त्री यादवले जनता समाजवादी पार्टी (जसपा) नेपालबाट र पूर्वमुख्यमन्त्री सिंहले स्वाभिमान पार्टीबाट उम्मेदवारी दिएका हुन् ।

क्षेत्र नम्बर ३ बाट जनता समाजवादी पार्टी (जसपा) नेपालका अध्यक्ष उपेन्द्र यादव, पूर्वसांसदहरू नेपाली कांग्रेसका दिनेशकुमार यादव र नेकपा एमालेका ताराकान्त चौधरीलगायतको उम्मेदवारी परेको छ । क्षेत्र नम्बर ४ बाट पूर्वसांसद नेपाली कांग्रेसका तेजुलाल चौधरी, जसपा नेपालकी महिला नेतृ डा. बाँबी सिंह, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सिताराम साहलगायतले उम्मेदवारी दिएका छन् । यहाँ २ लाख ३३ हजार ९६ पुरुष, २ लाख १३ हजार २८३ महिला र २३ अन्य गरी कूल ४ लाख ४६ हजार ४०२ मतदाता छन् ।

# सप्तरीमा प्रतिनिधिसभा निर्वाचनका लागि २० महिला उम्मेदवार मैदानमा

**जनकपुर, ०७ माघ ।**

आगामी प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि सप्तरी जिल्लामा राजनीतिक दल र स्वतन्त्र गरी २० जना महिलाले उम्मेदवारी दर्ता गराएका छन्। जिल्लाका चारवटै निर्वाचन क्षेत्रबाट ७ जना महिला उम्मेदवार राजनीतिक दलतर्फबाट र १३ जना स्वतन्त्र उम्मेदवारका रूपमा मैदानमा उत्रिएका हुन् । सप्तरी निर्वाचन क्षेत्र नम्बर-१ बाट राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले पुष्पाकुमारी चौधरी र नागरिक उन्मुक्ति पार्टी नेपालले टीकालक्ष्मी नारायण चौधरीलाई उम्मेदवार बनाएको छ । सो क्षेत्रमा उम्दादेवी सदा, रामकुमारी खंग र रिजवाना खातुनले स्वतन्त्र उम्मेदवारी दर्ता गराएका छन् । क्षेत्र नम्बर-२ बाट नेपाल मजदुर किसान पार्टीकी नीलमकुमारी यादव र नेपाल जनता पार्टीकी रन्जुकुमारी झा (ठाकुर) उम्मेदवार बनेका छन् । त्यहाँ अम्बिकादेवी साफी, विन्दुकुमारी चौधरी, साधन दास र सुशीलाकुमारी साह स्वतन्त्र उम्मेदवार छन् । क्षेत्र नम्बर-३ मा कुनै पनि राजनीतिक दलले महिला उम्मेदवार नउठाए पनि कोशिलादेवी पासवान, कौशलकुमारी चौधरी, रजियादेवी सदा र सरिताकुमारी यादव स्वतन्त्र उम्मेदवारका रूपमा प्रतिस्पर्धामा छन् । क्षेत्र नम्बर-४ बाट जनता समाजवादी पार्टी (जसपा) नेपालकी डा. बाँबी सिंह, नेपाली कम्युनिष्ट पार्टी (नेकपा) की रुवीकुमारी कर्ण र आम जनता पार्टीकी अनिताकुमारी चौधरी उम्मेदवार बनेका छन्। साथै प्रेमकुमारी महरा र सनमकुमारी चौधरीले स्वतन्त्र उम्मेदवारी दिएका छन्। सप्तरीमा कुल १ सय ४ जना उम्मेदवार मैदानमा रहेका छन् । जिल्लामा २ लाख ३३ हजार ९६ पुरुष, २ लाख १३ हजार २ सय ८३ महिला र २३ जना अन्य गरी कुल ४ लाख ४६ हजार ४ सय २ जना मतदाता रहेका छन्।



# रौतहटका ४ सिटमा १४३ उम्मेदवार, महिलाको सहभागिता न्यून

**नेपाल पोष्ट संवदाता**
**बीरगन्ज,०७ माघ ।**

फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनका लागि रौतहटका चारै निर्वाचन क्षेत्रमा कुल १४३ जनाले उम्मेदवारी दर्ता गराएका छन् । उम्मेदवारको संख्या धेरै भए पनि महिलाको सहभागिता निकै न्यून देखिएको छ। कुल १४३ उम्मेदवारमध्ये १३० पुरुष र केवल १३ महिला उम्मेदवार रहेका छन् ।

क्षेत्र-१ मा ३९, क्षेत्र-२ मा २६, क्षेत्र-३ मा ४१ र क्षेत्र-४ मा ३७ उम्मेदवार दर्ता भएका छन् । अधिकांश क्षेत्रमा दलगत उम्मेदवार पुरुष रहेको देखिएको छ।

तुलनात्मक रूपमा क्षेत्र-४ मा स्वतन्त्रतर्फ महिलाको सहभागिता केही बढी छ ।चारै क्षेत्रमा उम्मेदवारको चाप बढेसँगै चुनावी सरगर्मी तातेको छ।



## पर्सामा प्रतिनिधिसभा...

नम्बर-३ मा २३ र क्षेत्र नम्बर-४ मा २४ जनाको उम्मेदवारी परेको छ । एक सयभन्दा बढी उम्मेदवार चुनावी मैदानमा उत्रिँदा यसपटकको निर्वाचन प्रतिस्पर्धात्मक र चासोपूर्ण बन्ने संकेत देखिएको छ।

चारै क्षेत्रमा नेपाली कांग्रेस, नेकपा एमाले, नेकपा, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा), जनता समाजवादी पार्टी नेपाल (जसपा नेपाल), जनमत पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) लगायतका दलसँगै स्वतन्त्र उम्मेदवारहरूको बाक्लो उपस्थिति देखिएको छ।

# राजनीतिक कार्यक्रममा सरकारी सवारी प्रयोग नगर्न रौतहट प्रशासनको आग्रह

**रौतहट, ०७ माघ ।**

जिल्ला प्रशासन कार्यालय रौतहटले राजनीतिक गतिविधिका क्रममा सरकारी सवारी साधन प्रयोग नगर्न आग्रह गरेको छ।

सहायक प्रमुख जिल्ला अधिकारी जितेन्द्रकुमार यादवद्वारा मंगलबार जारी सूचनामा प्रतिनिधिसभा सदस्य निर्वाचन २०८२ को प्रक्रिया चरणबद्ध रूपमा अघि बढिरहेको सन्दर्भमा जिल्लामा शान्ति, सुरक्षा र मर्यादा कायम राख्न यस्तो निर्देशन दिइएको हो।

प्रशासनले जिल्लाभित्र राजनीतिक दल तथा दलनिकट भ्रातृ सङ्गठनहरूले आयोजना गर्ने सभा, सम्मेलन तथा अन्य राजनीतिक कार्यक्रम सञ्चालन गर्नुअघि जिल्ला प्रशासन कार्यालय रौतहटलाई जानकारी गराई आवश्यक अनुमति लिनुपर्ने स्पष्ट पारेको छ।

सरकारी सवारी साधनको दुरुपयोग रोक्ने र निर्वाचन आचारसंहिता प्रभावकारी रूपमा पालना गराउने उद्देश्यले उक्त आग्रह गरिएको प्रशासनले जनाएको छ।

# बाराका ४ क्षेत्रमा ११२ जनाको उम्मेदवारी

**बारा, ०७ माघ ।**

फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि बारा जिल्लाका चारै निर्वाचन क्षेत्रमा गरी कुल ११२ जनाले उम्मेदवारी दर्ता गराएका छन् । जिल्ला निर्वाचन कार्यालयका अनुसार सबैभन्दा धेरै उम्मेदवारी बारा क्षेत्र नम्बर ४ मा ३९ जना र क्षेत्र नम्बर ३ मा पनि ३९ जनाको परेको छ।

यस्तै, क्षेत्र नम्बर २ मा २९ जना र क्षेत्र नम्बर १ मा २० जनाले उम्मेदवारी दिएका छन्। चारै क्षेत्रमा राजनीतिक दलका उम्मेदवारसँगै ठूलो संख्यामा स्वतन्त्र उम्मेदवारको सहभागिता देखिएको छ । निर्वाचनका लागि क्षेत्र नं. १ कोल्हवी, २ बरियारपुर, ३ कलैया र ४ जीतपुरमा निर्वाचन अधिकृतको कार्यालय स्थापना गरिएको छ।

निर्धारित मापदण्डको पालना गरौं,ग्रामिण विकासको भियानमा सघाऔं ।
जिराभवानी गाँउपालिकाको कार्यालय,जिराभवानी ,पर्सा

दैवी प्रकोपबाट बच्न सतर्कता अपनाऔं ।
सखुवाप्रसौनी गाँउपालिकाको कार्यालय, सखुवाप्रसौन, पर्सा

घरबाट निस्केको फोहोर डस्बिनमा हालौं, सभ्यताको परिचय दिऔं ।
छिपहरमाई गाउँपालिकाको कार्यालय,भिस्वा, पर्सा

पर्यटकिय स्थलको संरक्षण र प्रचार-प्रसार गरौं,नगरको विकासमा जुटौं ।
ठोरी गाँउपालिकाको कार्यालय, ठोरी, पर्सा

शौचालय निमार्ण गरी गाँउलाई खुल्ला दिशा मुक्त बनाऔं ।
विन्दवासिनी गाँउपालिकाको कार्यालय, विन्दवासिनी, पर्सा

निर्धारित मापदण्डको पालना गरौं,ग्रामिण विकासको भियानमा सघाऔं ।
जिराभवानी गाँउपालिकाको कार्यालय,जिराभवानी ,पर्सा